# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, चैत ७ गते २०५४ साल (अतिरिक्ताङ्क ७१ (ग)

## भाग ३

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) (पहिलो संशोधन) नियमावली, २०५४

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६३ को उपधारा (३) बमोजिम बनाइबक्सेको संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०४८ को नियम ३७ बमोजिम प्रतिनिधि सभाका सभामुख र राष्ट्रिय सभाका अध्यक्षको सिफारिशमा देहायबमोजिमको नियमावली बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो नियमावलीको नाम "संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) ( पहिलो संशोधन ) नियमावली, २०५४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

२. संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०४८ मा नियम ३क. थपः संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०४८ को नियम ३ पछि देहायको नियम ३क. थपिएको छ ।

"३क. संयुक्त बैठकलाई सम्बोधनः (१) कुनै विदेशी राष्ट्रको राष्ट्र प्रमुख, सरकार प्रमुख वा संयुक्त राष्ट्र संघका महासचिवले सम्बोधन गर्न श्री ५ को सरकारले अनुरोध गरेमा सभामुखले अनुमति दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सम्बोधनको लागि अपनाइने प्रक्रिया सभामुखले तोकेबमोजिम हुनेछ ।

(३) यस नियमबमोजिम संयुक्त बैठक बस्ने भएमा महासचिवले बैठक बस्ने मिति, समय र स्थानको जानकारी सदस्यहरूलाई दिनेछ" ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
९३०२